# सम्मरीमाई गाउँपालिका
**SAMMARIMAI RURAL MUNICIPALITY**
# गाउँ कार्यपालिकाको कार्यालय
**OFFICE OF THE RURAL MUNICIPALITY EXEC UTIVE**
फरेना, रुपन्देही
**FARENA, RUPANDEHI**

लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.स./Ref No.२०७९/०८०
च.नं./DispatchNo. २४४४

मितिः२०८०/०३/१०

श्री वडा कार्यालय,सबै,
सम्मरीमाई गाउपालिका।

विषयः नागरिकता सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय,रुपन्देहीको च.नं.१२६८४, मिति २०८०/०३/०८ गतेको प्राप्त पत्र, ईलाका प्रशासन कार्यालय,मझगाँवा,रुपन्देहीको च.नं.१३०३, मिति २०८०/०३/०८ गतेको प्राप्त पत्र र मिति २०८०/०३/०८ को सूचना को छाया प्रति यसै पत्र साथ संलग्न गरी पठाइएको छ।पत्र तथा सूचना बाट व्यहोरा अवगत गरी सोही बमोजिम गर्नू गराउनूहुन अनुरोध छ।

बोधार्थः
१. श्री जिल्ला प्रशासन कार्यालय,रुपन्देही।
२. श्री ईलाका प्रशासन कार्यालय,मझगाँवा।

२०८०।३।१०

झविलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

झविलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

Email:-sammarimairm@gmail.com
ito.sammarimai@gmail.com
Website:-sammarimaimun.gov.np
Office Phone No:-9779857016956

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(प्रशासन शाखा)
रुपन्देही

☎ प्र.जि.अ.५२७०३७०
५७०१५८
५७०१५९
५७०१५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०७९/०८०
च.नं. १२६८४

मिति २०८०/०३/०८

विषय:- **नागरिकताको सिफारिस सम्बन्धमा ।**

श्री रुपन्देही जिल्ला स्थित सम्पूर्ण स्थानीय तहहरु ।

प्रस्तुत विषयमा सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणिकरण भई मिति २०८०।०२।१७ गतेको राजपत्रमा प्रकाशित भएको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन २०७९ लाई कार्यन्वयन गर्ने सन्दर्भमा प्रचलित नेपाल कानून, नेपाल नागरिकता ऐन, नेपाल नागरिकता नियमावली (संशोधन सहित) बमोजिम रित पुऱ्याएर सबै नागरिकताको लागि आवश्यक कागजातहरु संलग्न राखी सिफारिस गर्नुहुन अनुरोध छ । साथै जन्मका आधारमा नागरिकता लिएका व्यक्तिहरुका सन्तानलाई वंशजको नेपाली नागरिकता प्रमाणपत्रका लागि सिफारिस गर्दा आवेदकको बाबु आमा वास्तविक नेपाली नागरिक नै भएको र निजहरु निरन्तर नेपाल सरहद भित्र बसोबास गरेको एकीन गरी देहाय बमोजिमको कागजात/प्रमाणहरु समेत संलग्न राखी अनुसूची फाराम सहित सिफारिस गरी पठाउने व्यवस्था मिलाउन सबै वडा कार्यालयहरुलाई परिपत्र समेत गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

निम्न

१. बाबु र आमाको नागरिकताको प्रमाण पत्र सक्कलै ।
२. अनलाईनमा दर्ता भएको जन्मदर्ता प्रमाण पत्र सक्कलै ।
३. अध्ययन गरेको हकमा शैक्षिक प्रमाण पत्र (विदेशी मुलुकमा अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट गरिएको समकक्षता निर्धारण ।
४. जन्मस्थान र नाता खुल्ने किटानी सिफारिस (सम्बन्धित वडा कार्यालयबाट फोटो सहितको नाता खुल्ने पारिवारिक विवरण र सो निवेदक नेपालमा जन्मभई सम्बन्धित वडामै स्थायी बसोवास गरेको सिफारिश खुलेको हुनुपर्ने ।
५. स्थायी बसोबासको निस्सा (घर नक्सा पास वा जग्गाधनी दर्ता प्रमाण पुर्जामा घर कायम भएको जग्गाधनी दर्ता प्रमाण पुर्जा) / विद्युत महशुल विल/खानेपानी महशुल विल /बाबु आमाको मतदाता परिचय पत्र)

२०८०/०३/०८
सहायक प्रमुख जिल्ला अधिकारी

सम्मरीमाई गाउँपालिका को कार्यालय
फरेना, रुपन्देही
दर्ता नं २२४६
दर्ता मिति

फोन नं.०७१-४०१००१
E-mail:–aao.majhagawa1@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# ईलाका प्रशासन कार्यालय

मझगावाँ, रुपन्देही

प.सं.२०७९।०८०
च.नं.

मितिः २०८०/०३/०८

## ईलाका प्रशासन कार्यालय, मझगावाँको सूचना

सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणिकरण भई मिति २०८०/०२/१७ गतेको राजपत्रमा प्रकाशित भएको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन २०७९ लाई कार्यान्वयन गर्ने सन्दर्भमा प्रचलित नेपाल कानून, नेपाल नागरिकता ऐन, नेपाल नागरकिता नियमावली (संशोधन सहित) बमोजिम रित पुर्याएर जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नेपाली नागरिकका सन्तानले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निम्नानुसारको आवश्यक कागजातहरु संलग्न राखी तपसिल बमोजिमको आलोपालोमा नागरिकता प्रमाण पत्र प्राप्त गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. अनुसुची १ बमोजिमको सिफारिस ।
२. बाबु र आमाको नागरिकताको प्रमाण पत्र सक्कलै ।
३. अनलाईनमा ( Online ) दर्ता भएको जन्मदर्ता प्रमाण पत्र सक्कलै ।
४. अध्ययन गरेको हकमा शैक्षिक प्रमाण पत्र ( बिदेशी मुलुकमा अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट गरिएको समकक्षता निर्धारण )।
५. जन्मस्थान र नाता खुल्ने किटानी सिफारिस ( सम्बन्धित वडा कार्यालयबाट फोटो सहितको नाता खुल्ने पारिवारिक विवरण र सो निवेदक नेपालमा जन्मभई सम्बन्धित वडामै स्थायी बसोवास खुल्ने सिफारिस ) ।
६. स्थायी बसोबासको निस्सा ( घर नक्सा पास वा जग्गाधनी दर्ता प्रमाण पुर्जामा घर कायम भएको जग्गाधनी दर्ता प्रमाण पुर्जा ) / विद्युत महशुल बिल / खानेपानी महशुल बिल/ बाबु आमाको मतदाता परिचय पत्र )
७. बि.सं. २०६३ को नाबालक दर्ता गरेको भए सो को निस्सा ।
८. बसाईसराई भएको हकमा बसाईसराई दर्ता प्रमाण पत्र ।
९. आवश्यक अनुसार वडा सर्जमिन मुचुल्का ।
१०. बाबु र आमाको विवाहदर्ता ( आमाको नागरिकतामा पतिको नाम,थर कायम नभएमा )
११. बाबु वा आमा मध्ये कोही वा दुबैको मृत्यु भएमा मृत्युदर्ता ।

नोटः आवश्यकता अनुसार कागजात पेश भएपछि प्रहरी सर्जमिन मुचुल्का/ गोप्य प्रहरी प्रतिवेदन बुझ्न सकिनेछ ।

स्थानीय तहको बार अनुसारको आलोपालोः

| बार | आलोपालो तोकिएका स्थानीय तहरु |
|---|---|
| आईतबार | कोटहीमाई गाउँपालिका |
| सोमबार | सम्मरीमाई गाउँपालिका |
| मंगलवार | मर्चवारी गाउँपालिका |
| बुधबार | कोटहीमाई गाउँपालिका |
| विहीबार | सम्मरीमाई गाउँपालिका |
| शुक्रवार | मर्चवारी गाउँपालिका |

.......................
राकेश कुमार चौधरी
कार्यालय प्रमुख

शाखा अधिकृत

सम्मरीमाई गाउँपालिकाको कार्यालय
फरेना, रुपन्देही
दर्ता नं....2386
दर्ता मिति 2080/4/10

फोन नं.०७१-४०१००१
E-mail:–aao.majhagawa1@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# ईलाका प्रशासन कार्यालय

मझगावाँ, रुपन्देही

प.सं.२०७९।०८०
च.नं. १३०३

मिति:२०८०/०३/०८

विषय: नागरिकताको सिफारिस सम्बन्धमा ।

श्री सम्बन्धित स्थानीय तहहरु ।

प्रस्तुत विषयमा यस जिल्लामा जन्मका आधारमा नागरिकता प्राप्त गरेका वावु आमाका सन्तानलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सेवाग्राहीको अत्याधिक चाप बढ्ने भएका कारण, वढी भिडभाड हुने देखिएकोले आलोपालो गरी सेवाग्राहीलाई मात्र सिफारिस गर्ने निम्नानुसारको तालिका बमोजिम सेवाग्राहीलाई सिफारिश गरी पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

स्थानीय तहको बार अनुसारको आलोपालो:

| बार | आलोपालो तोकिएका स्थानीय तहरु |
|---|---|
| आईतबार | कोटहीमाई गाउँपालिका |
| सोमबार | सम्मरीमाई गाउँपालिका |
| मंगलवार | मर्चवारी गाउँपालिका |
| वुधवार | कोटहीमाई गाउँपालिका |
| विहीबार | सम्मरीमाई गाउँपालिका |
| शुक्रबार | मर्चवारी गाउँपालिका |

२०८०।३।८

.............................
राकेश कुमार चौधरी
कार्यालय प्रमुख

शाखा अधिकृत